अनुसूची २

(दफा  तथा अनसूची-को भाग-२ सँग सम्बन्धित)

जोशीपुर गाउँपालिका

खण्डः ७ संख्याः ४ मितिः २०८१/०१/१०

भाग-२

जोशीपुर गाउँपालिका

# जोशीपुर गाउँपालिकाको बिपद् राहत वितरण सम्बन्धी कार्यविधि २०७९

## पहिलो संशोधन

### १. प्रस्तावना

प्राकृतिक र गैर प्राकृतिक प्रकोपहरु बिपद्को रुपमा परिवर्तन भै आपतकालिन अवस्था आउने गरेको र जीउधनको क्षती भैइरहेको हुँदा सर्बसाधारण गाउँपालिकावासीहरु तथा उनीहरुका परिवारलाई वितरण गरिने रतहतमा एकरुपता कायम गर्न साथै राहवसत बितरण एवं सहयोगलाई पारदर्शी, सरल एवं विश्वसनीय बनाउने उदेश्यले स्थानीय सरकार संचालन

ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी जोशीपुर गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको थियो भने यो कार्यविधिलाई मिति २०८१।०१।१० गते गाउँ कार्यपालिकाको बैठकबाट पहिलो पटक संशोधन गरि जोशीपुर गाउँपालिका राहत कार्यविधि २०७९ पहिलो संशोधन २०८१ रहने गरि निर्णय गरियो ।

## परिच्छेद -१
## प्रारम्भिक

**२.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "बिपद् राहत बितरण सम्बन्धी कार्यविधि २०८१" रहेको छ ।

यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुने छ ।

**३.परिभाषा र व्याख्या** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क अध्यक्ष भन्नाले जोशीपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ख उपाध्यक्ष भन्नाले जोशीपुर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

ग प्रमुख प्रशासकिय अधिकृत भन्नाले जोशीपुर गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) 'गैर प्राकृतिक विपद् ' भन्नाले महामारी ,अनिकाल ,डढेलो ,कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्लेग रोग सर्पदंश, जनावर आतङ्क, खानी , हवाई , सडक , जल वा औद्योगिक दुर्घटना , आगलागी , बिषाक्त ग्याँस , रसायन वा बिकिरण चुहावट , ग्याँस बिष्फोटन , बिषाक्त खाद्य, सेवन वाताबरणीय प्रदुषण, बन बिनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्दछ ।

(ङ) 'प्राकृतिक विपद्' भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल बिष्फोटन, अतिबृष्टि, अनाबृष्टि, बाढी, पहिरो तथा भू स्खलन, दुबान, खडेरी, आँधी, हुरी बतास, शित लहर, तातो हावाको लहर,

माधव पन्त
प्रमुख प्रशासकीय अधिकृत

चटयाङ्ग , भुकम्प , ज्वालामुखी विष्फोट , डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(च) 'विपद्' भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापन र बाताबरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ ।

(छ) 'राहत' विपद्को समयमा वा विपद् बाट प्रभावित हुन सक्ने अबस्थामा जीवन सुरक्षा गर्न, जीउ धनमाथि असर कम गर्न, मानविय पीडा कम गर्न, र मानवीय आत्मसम्मान सुनिश्चित गर्न प्रदान गरिने नगद र जिन्सी सहयोगलाई जनाउँछ ।

(ज) 'विपद् जोखिम न्युनीकरण' भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्याङ्कन , विपद् रोकथाम वा विपद् बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(झ) 'विपद् व्यवस्थापन' भन्नाले विपद् जोखिम न्यूनीकरण , विपद् प्रतिकार्य र विपद् पुनर्लाभ सँग सम्बन्धीत सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(ञ) 'विपद् कोष' भन्नाले विपद् व्याबस्थापन कोषलाई सम्झनु पर्छ साथै यो शब्दले प्रकोप व्यवस्थापन समितिलाई बुझाउँछ ।

(ट) 'समिति' भन्नाले गाउँ विपद् व्याबस्थापन समिति सम्झनु पर्छ ।

(ठ) विषयगत क्षेत्र भन्नाले जोशीपुर गाउँपालिकाको विभिन्न विषयमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने समुह वा कार्यटोलिलाई सम्झनुपर्छ ।

## परिच्छेद -२
## कोषको व्यबस्थापन

**४. यस कार्यविधि बमोजिम विपद् पिडितलाई राहत प्रदान गर्नु पर्ने:** विपद् पिडितलाई राहत प्रदान गर्दा यस कार्यविधि बमोजिम गर्नुपर्ने छ।

**५. कोषबाट ब्यहोरिने**

यस कार्यविधि बमोजिम उपलब्ध गराइने राहत सहयोग विपद् व्यवस्थापन कोषबाट ब्यहोरिने छ।

मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद - ३

## राहत व्यवस्थापन तथा बितरण समिति

६ राहत व्यवस्थापन तथा बितरण समन्वय समितिको गठन :

जोशीपुर गाउँपालिका क्षेत्र भित्र प्राकृतिक एवं गैर प्राकृतिक विपद् मा परेका गाउँपालिका बासी वा उनीहरुका परिवारलाई राहत वितरण गर्न देहाय बमोजिम राहत वितरण समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) वन वातावरण तथा बिपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| (ङ) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (च) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (छ) जिन्सी शाखा प्रमुख | सदस्य |
| (ज) वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

७. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम कर्तव्य र अधिकार

१. राहत वितरणको लागि स्थानीय तह प्रकोक कोष तथा विपद् व्यवस्थापन कोषमा आवस्यक रकम जम्मा गर्ने

२. विपद बाट प्रभावित भएका परिवार तथा व्यक्तिको विवरण संकलन गर्न निर्देशन दिने ।

३. राहत विवरण गर्दा प्राथमिकताको आधारमा राहत विवरण गर्न लगाउने ।

४ राहत वितरण कार्य गाउँपालिका स्तरिय वातावरण तथा विपद् व्यवस्थापन शाखाको समन्वयमा एकद्धार प्रणाली मार्फत गर्न गारउने ।

५. विषयगत क्षेत्रलाई विषयगत क्षेत्रको राहत सामाग्रीको सूची तयार गर्न लगाइ सो अनुसार मात्र राहत वितरण गर्न लगाउने ।

६. राहत वितरण कार्यको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

सुर्शन पन्त

७. जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरि विपद् व्यवस्थापन शाखा मार्फत राहत रकम प्रभावितहरुको लागि उपलब्ध गराउने ।

## परिच्छेद -४
## विपद् व्यवस्थापनको लागि राहत वितरण

**८. राहत बितरण :**

विपद् बाट क्षति भएका देहाय बमोजिमको क्षतिको लागि बाताबरण तथा विपद् ब्यवस्थापन समिति वा वाताबरण तथा विपद् व्यवस्थापन शाखा मार्फत प्राप्त भएका स्तलगत अनुगमन मूल्याङ्कन प्रतिवेदन र वडा कार्यालयको सिफारिसका आधारमा विपद् व्यवस्थापन तथा वितरण समन्वय समितिको निर्णय बमोजिम तपसिल अनुसार राहत सहयोग उपलब्ध गराइने छ ।

(क) विपद् घटनामा परि कुनै व्यक्तिको मृत्यू भएको रहेछ भने मृतकका परिवारलाई राहत स्वरुप प्रति मृतक रु.२५,०००।–(पच्चीस हजार)

(ख) विपद् मा परि कुनै व्यक्ति बेपत्ता भई खोजिकार्य गर्दा घटना भएको नब्बे दिन सम्म फेला नपरेमा वडा कार्यालयको सिफारिस र प्रहरी प्रतिवेदनको आधारमा एका घरको नजिकको हकवालालाई रु.२५,०००।–(पच्चीस हजार)

(ग) कुनै पनि विपद्को घटनामा परि कुनै ब्यक्तिको घर खाद्यान्न र लत्ता कपडा समेत पूर्ण वा आंशिक रुपमा क्षति भएमा त्यसतो परिवारलाई तत्कालिन राहतका लागि नगद रु.५,०००।–(पाँच हजार) वा सो बराबरको खाद्य वा गैर खाद्य समाग्री उपलब्ध गराउनेछ साथै पूर्ण रुपमा क्षति भएको सन्दर्भमा थप राहतको हकमा समितिको निर्णय अनुसार हुनेछ ।

(घ) विपद् बाट घर बहालमा बसेको भएमा वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागिं प्रति परिवार नगद रु.१०,०००।–(दश हजार) सम्म वा सो बराबरको जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री) सामान राहत उपलब्ध गराइने छ।

मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत

(ङ) कुनै प्रकोपका घटनामा परी घाइते भएका बिरामीलाई उपचारका लागि उपक्षेत्रीय अस्पताल वा नजिकको स्वास्थ्य केन्द्रमा लैजानु पर्ने घाइते गरिब ,असाहाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाई अस्पताल लैजादाको यातायात खर्च वाफत रु ५००० (पाँच हजार) सम्म भुक्तानी गरिने छ ।

(च) विपद् बाट घाइते भएको कुनै व्यक्तिलाई अस्पतालमा भर्ना भइ उपाचार गराउनु परेमा त्यस्तो घाइते गरिब, असाहाय वा आर्थिक अवस्था कमजोर भएमा उपचार खर्च बापत एक पटकका लागि बढीमा रु.७,०००।-(सात हजार) सम्म खर्च उपलब्ध गराइने छ ।

(छ) विपद् बाट घरको क्षति भएमा घरको क्षतिको अवस्था हेरी बढीमा रु.३०,०००।-(तीस हजार) सम्म नगद वा जिन्सी राहत सहायता उपलब्ध गराइने छ ।

(ज) घरवार विहिन भएका परिवारलाई प्रति परिवार १५००० (पन्ध्र हजार)

(झ) माथि जुन सुकै कुरा लेखिएको भएता पनि हावा हुरी वा चटयाङ्गबाट घरको छानो वा अन्य सामान्य क्षति भएमा रु.५,०००।-(पाँच हजार) सम्म राहत उपलब्ध गराउने र सो को लागि वडाले सिफारिस गरे अनुसार हुनेछ।

(ञ) कुनै पनि विपद्को घटनामा परि कुनै ब्यक्तिको खेतमा लगाएको अन्न बाली पुर्णरुपमा क्षति भएमा प्रतिकठ्ठा १५००।(अक्षेररुपी एक हजार पाँच सय मात्र) सम्म नगद वा जिन्सी राहत सहायता उपलब्ध गराइने छ ।

(ट) विपद्को घटनामा परि कुनै परिवारका सवै व्यक्तिको मृत्यु भएमा कसैलाई पनि राहत रकम उपलब्ध नगराउने ।

(ठ) यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित पीडित वा निजको नजिको निबेदक, वडाको सिफारिस , प्रहरीको मुचुल्काको आधारमा उपलब्ध गराइने छ ।

(ड) यसमा उल्लेखित रकम भन्दा बढी रकम दिनु परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(ढ) माथि जुनसुकै कुरा लेखिएता पनि प्रदेश सरकार, संघिय सरकार वा कुनै दातृ संघ संस्थाबाट राहत प्राप्त गरेमा जोशीपुर गाउँपालिका (स्थानिय तह) राहत वितरण गर्न बाध्य हुने छैन ।

(ण) प्राकृतिक प्रकोप तथा मानविय कारणबाट पशु चौपाया तथा गोठको क्षति भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

| क स | आर्थिक सहयोग गर्ने क्षेत्र | रकम |
|---|---|---|
| १. | पशु गोठ नष्ट भएमा प्रति गोठ | रु ५०००। |
| २. | कुखुराको खोर नष्ट भएमा प्रति गोठ | रु ५००० देखि रु १0,000 |

| | | |
|---|---|---|
| ३. | गाई, गोरु तथा रागाँ, भैसी प्रति घाइते/ मृत भएमा | रु ५०००। |
| ४. | बोका, बाख्रा, भेडा, बंगुर प्रति घाइते/ मृत भएमा गोटा | रु ३०००। |
| ५. | माछा पोखरी ५०८ वर्ग मिटर वा सो भन्दा माथी | रु ५०००। |

त) माथी जुनसुकै कुरा लेखिएता भए पनि कृषि तथा पशुपंछी फर्म जोशीपुर गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता भएको हुनुपर्ने छ ।

**९. दीर्घकालिन राहत एंव व्यवस्थापन**

(क) प्रकोप कारण बसोबास गरी रहेको स्थानमा बसोबास गराउदा थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पीडित परिवारलाई सुरक्षित स्थानमा राखी बसोबास गराउनु पर्ने अवस्था भएमा बसोबास गराईने स्थान , परिवार संख्या, आवश्यक सामाग्री र सोका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी स्थानीय विपद् व्यवस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नु पर्ने छ । त्यसरी भएको सिफारिसको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक व्यवस्था मिलाइने छ ।

(ख) दफा ६ क अनुसार पूर्ण रुपमा वा आंशिक रुपमा कार्य गर्नको लागि कार्यपालिका वा स्थानीय विपद् व्यवस्थापन समितिले वडा समितिलाई जिम्मेवारी तोक्न सक्नेछ । यसरी तोकिएको जिम्मेवारी पुरा गर्नु सम्वन्धित वडा समितिको कर्तव्य हुनेछ ।

**१०. राहतका लागि पेश गर्नु पर्ने कागजातहरु :**

यस कार्यविधि बमोजिम राहत सहयोगको लागि पीडितले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्ने छ ।

(क) विपद् मा परि मृत्यु भएका व्यक्तिको परिवारलाई राहत उपलब्ध गराउन आवश्यक पर्ने कागजातहरु

- मृतकको सवभन्दा नजिकको हकदारको निवेदन
- सम्बन्धित वडा कार्यालयको सिफारिस

मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

- घटनाको स्थलगत प्रहरी सर्जमिन मुचुल्ला
- लाश सतगत पुर्जिको प्रतिलिपि
- मृतकको सवभन्दा नजिकको हकदारसँगको नाता प्रमाणित
- मृतकको ना. प्र वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
- मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- हकदार निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- निवेदकको बैंक खाता वा चेकको फोटोकपी एक थान

११ आपतकालीन आश्रयस्थल गैर खाद्य र खाद्य सामाग्री

१ घरमुलीको ६जनाको परिवारलाई आधार मानेर निम्नानुसारको राहत सामाग्री उपलब्ध गराइने छ ।

| सामाग्रको नाम | इकाई | जम्मा |
|---|---|---|
| त्रिपाल | थान | २ |
| नाइलन डोरी | थान | १ |
| कम्बल | थान | २ |
| झुल | थान | २ |
| म्याट्रस | थान | २ |
| किचेन् सेट | सेट | १ |
| सारीको कपडा | | अवस्था र आवश्यकतानुसार |
| सर्टको कपडा | | "    " |
| झोला | | "    " |
| अन्य जस्तै, सोलार बत्ती | | "    " |

२ खाद्य सामाग्री तत्कालिन अवस्थामा विपद् भएको ५ दिन सम्म पूर्ण खाद्य सामाग्री नभएको अवस्थामा

| सामाग्री | इकाइ | मात्रा प्रतिव्यक्ति प्रतिदिन |
|---|---|---|
| चिउरा | ग्राम | २५० |

| | | |
|---|---|---|
| चाउचाउ | प्याकेट | १ |
| विस्कुट | प्याकेट | १ |
| चिनि | ग्राम | १०० |
| नुन | ग्राम | आवश्यकता अनुसार |

३ खाद्य सामाग्री १ दिन पछि

| सामाग्री | इकाइ | १ ५ जना सम्मको परिवार | ६ १० जनासम्मको परिवार | ११ जना भन्दा माथि भएको परिवार |
|---|---|---|---|---|
| चामल | के जी | २५ | ५० | ६० |
| दाल | के जी | १ | २ | २.५ |
| तेल | लिटर | १ | २ | २.५ |
| नुन | के जी | १ | २ | २ |
| खुर्सानी धुलो | ग्राम | १०० | २०० | २०० |
| बेसारको धुलो | ग्राम | १०० | २०० | २०० |
| मिक्स मसला | ग्राम | १०० | २०० | २०० |
| हात धुने साबुन | थान | १ | २ | २ |

१२ राहतको तयारी, व्यवस्थापन तथा विवरण सम्बन्धी प्रक्रिया

१ स्थानीय वडघरले लाभग्राहीहरुलाई सूचीकरण गरि वडा स्तरिय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम राहत वितरण गर्ने व्यवस्था मिलाउनेछ । विपद्को अवस्था अनुसार राहत प्राप्त गर्ने व्यक्तीको विवरण तत्कालन संकलन गरिनेछ । तत्कालीन अवस्थामा राहत प्राप्त गर्न योग्य व्यक्तिको सूची एक दिनमा नै तयार गर्नुपर्ने छ ।

२ स्थानीय वडघरले संकलन गरेको विवरणलाई वडा स्तरीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी राहत प्राप्त गर्नु नपर्ने परिवारलाई हटाइ छुटेका परिवारलाई पारदर्शी रुपमा समावेश गर्नेछ ।यसका लागि विपद्को प्रभावको आधारमा वडाले प्रारम्भीक राहतको लागि एकदिन

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

भित्र पुनरावलोकन गर्नेपर्नेछ ।यद्यपि जीवन सुरक्षा गर्ने सम्बन्धी राहत कार्य अन्तिम सुची आइनपुग्दै पनि गरिनेछ ।

३ वडास्तरिय विपद् व्यवस्थापन समितिले बझाएको राहत प्राप्त गर्ने विवरणलाई पालिकास्तरिय राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले पुनरावलोकन गर्न सक्नेछ ।

४ मानवीय क्षती आश्रस्थलको क्षती अनुसार प्रदान गरिने भनिएको राहत रकम गाउँपालिका स्तरिय राहत व्यवस्थापन तथा वितरण समन्वय समिति मार्फत गरिनेछ ।

**१३. राहत बितरण प्राथमिकता :**

राहत वितरण गर्दा पीडित मध्ये महिला बालबालिका जेष्ठ नागरिक दीर्घ रोगी अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**१४. बितरणको समय सिमा :**

यस कार्यविधि बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भई निबेदन दर्ता भए पश्चात तत्काल अनुगमनको व्यवस्था मिलाई राहत सहयोग उपलब्ध गराइनेछ।

**१५. यस कार्यविधि बमोजिम राहत बितरण गर्दा प्राकृतिक तथा गैरप्राकृतिक विपद् बाट प्रभावितहरुलाई सहयोग उपलब्ध गराइनेछ ।**

## परिच्छेद -५
## विविध

**१६. विपद् पिडितलाई पुन: स्थापना तथा पुन निर्माण**

विपदबाट क्षति भएका घर टहरा निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम जिल्ला वन कार्यालय एवं स्थानीय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

सार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृ

१७. राहत बितरणमा समन्वय गर्नु पर्ने:

दातृ निकाय मानवीय सहायता संस्था वा कुनै प्रकृतिको गैह्र सरकारी संस्थाले राहत बितरण गर्दा राहत बितरण योजना जोशीपुर गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

१८.बिबरण पेश गर्नु पर्ने :

यस कार्यविधि बमोजिम राहत बितरण ब्यवस्थापन समितिको निर्णयबाट बितरण भएको बिबरण गाउँ कार्यपालिका बैठकमा प्रत्येक चौमासिक र बार्षिक रुपमा गाउँ सभामा अनुसूची २ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

१९. बाधा अडकाउ फुकाउने अधिकार :

यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउने छ।

२०. खारेजी र बचाउ

(क) राहत सहयोग सम्बन्धी यस पूर्व गाउँ कार्यपालिकाले गरेका निर्णयहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(ख) यस कार्यविधि निर्माण हुनु अगाडी यस कार्यालयमा निवदेन परी राहत वितरण गर्न बाँकी प्रभावितलाई समेत राहत वितरण गर्न सकिनेछ ।

(ग) यस कार्यविधि नेपालको संविधान र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

(दफा ८ सँग सम्बन्धीत)

अनुसूची -१

राहत माग गर्ने निवेदनको ढाँचा

श्रीमान वडा अध्यक्ष ज्यू

......................वडा कार्यालय

विषय : राहत सहयोग सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति ...................................गतेका दिन जोशीपुर गाउँपालिका वडा नं .....................टोल..........................................मा भएको विपद्का सम्बन्धमा बिपदबाट भएको क्षतिको राहत वितरण सम्बन्धी कार्यविधि २०७९को पहिलो शंसोधन २०८० बमोजिम राहत सहयोग पाउँ भनी देहायको बिबरण सहित यो निवेदन पेश गरेको छु/छौ ।

१.विपद्को घटना :
२. घाइते /मृतकको नाम
३.घाइते मृतकको नागरिकताको प्रमाणपत्र नं ..........................र जारी मिति
४. बाबुको नाम:
५.आमाको नाम:
६. अनुमानित क्षतिको बिबरण (परिमाण र मुल्य सहित)
७.मृतकको हकमा हकवालाको नागरिकताको प्रमाणपत्र र नाता प्रमाणित पत्र (संलग्न गर्ने)
८.प्रहरी मुचुल्का ।
९. घटनासँग सम्बन्धित तस्वीर (संलग्न गर्ने)

मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

दफा १४ सँग सम्बन्धीत)

अनुसूची -२

चौमासिक राहत बितरण बिबरण ढाँचा

मिति ...................................................देखि .......................................................सम्मको

बिबरणहरु

| क्र.स | विपद् बिबरण | वडा नं | संख्या | राहत प्रदान गरिएको रकम(जिन्सी भए खुलाउने) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

आज्ञाले ,
मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत

मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत